विधेयक संख्या :............
नगरसभाबाट पारित मितिः..........

# मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

मेलम्ची नगरपालिकाको नगरसभा
मेलम्ची सिन्धुपाल्चोक

# मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक, २०७५

<u>प्रस्तावना:</u> नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मेलम्ची नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> यो ऐनको नाम "मेलम्ची नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(१) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यपालिका" भन्नाले मेलम्ची नगरपालिका, नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिका सम्झनु पर्छ ।

(ग) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. <u>नियम बनाउने अधिकार:</u> संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नका निमित्त मेलम्ची नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउँन सक्ने:</u> संविधान, ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही मेलम्ची नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न तथा प्रशासकीय प्रकृतिका आदेश जारी गरी कार्यान्वयन गर्न सक्नेछ ।

५. <u>बचाउः</u> यो ऐन बन्नु भन्दा अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका कार्यविधि, निर्देशिका र मापदण्डहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

प्रमाणिकरण मितिः